गण्डकी प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तनहूँ

(स्वतः प्रकाशन २०८१/०८२, प्रथम त्रैमासीक)




सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) वमोजिम प्रस्तुत गरिएको डिभिजन वन कार्यालय, तनहूँसंग सम्वन्धित सार्वजनिक विवरण (२०८१ श्रावण १ देखि २०८१ आश्विन मसान्त सम्म)

## १) डिभिजन वन कार्यालय, तनहूँको स्वरुप र प्रकृति :

जिल्लाभित्र रहेका वन क्षेत्र, लगायत प्राकृतिक स्रोत साधनहरुको संरक्षण, सम्वर्धन तथा व्यवस्थापन गर्ने,जैविक विविधता तथा स्थानीय वातावरण संरक्षण, जनतालाई आवश्यक पर्ने काठ, दाउरा लगायतका वन पैदावारको सरल तथा सतत रुपमा उपलव्ध गराई ग्रामिण जनस्तरको जीविकोपार्जन एवं आर्थिक अवस्थामा सुधार ल्याउनुका साथै राष्ट्रिय आय वृद्धिमा समेत टेवा पुऱ्याउन नेपाल सरकार तथा प्रदेश सरकारले तय गरेको नीति नियम एवं निर्देशनलाई कार्यान्वयन गरि जिल्ला स्तरिय भूमिका निर्वाह गर्नु यस कार्यालयको मूख्य कार्य हो । यसका लागि जिल्ला भित्रका वन संरक्षण, विकास सम्वन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, वन व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गराउने, वन क्षेत्रसंग सम्वन्धित काम कारवाहीहरु प्रचलित ऐन कानुन वमोजिम संचालन र कार्यान्वयन गर्ने गराउनका लागि यस कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

यसका साथै यस कार्यालयले नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्षारोपण, विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, निजी वन प्रवर्धन, लगायत वनसंग सम्वन्धित विषयमा सरोकार राख्ने सम्वन्धित संघसंस्था तथा व्यक्तिहरुलाई प्राविधिक एवं कानूनी सल्लाह जस्ता सहयोग उपलव्ध गराउँदै आएको छ ।

## २) डिभिजन वन कार्यालय, तनहूँको काम, कर्तव्य र अधिकार :

क) जिल्लाभित्रका राष्ट्रिय वन, सामुदायिक तथा कवुलियती वन, जडिवुटी विकास सम्वन्धी योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

ख) जिल्लामा रहेका संभावित सामुदयिक वन क्षेत्र र कवुलियती वन क्षेत्र स्थानीय उपभोक्तहरुलाई नियमानुसार हस्तान्तरण गर्ने र हस्तान्तरीत सा.व. र क.व. को दिगो व्यवस्थापनको लागी उपभोक्ता समूहहरुलाई आवश्यक प्राविधिक सहयोग उपलव्ध गराई वन व्यवस्थापन कार्यक्रम जनसहभागिता परिचालन गराउने । साथै स्थानीय उपभोक्ताहरुको वन पैदावारको आवश्यकतालाई परिपूर्ति गर्ने ।

ग) जिल्ला भित्र काठ, दाउराको आपूर्तिमा सहज वनाउने र उत्पादित वन पैदावरहरुको विक्री वितरणबाट देशको अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

घ) जिल्ला भित्र निजी वन, कृषि वन, धार्मिक वन विकासको लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

ङ) दीगो वन ब्यवस्थापनका लागि उपभोक्ता समूह मार्फत कार्यक्रम योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

च) जिल्ला भित्र रहेका वन, वन्यजन्तु, जैविक विविधता र यसको वासस्थानको संरक्षण तथा व्यवस्थापन गर्ने गराउने ।

छ) सामुदायिक वन, कवुलियती वन र निजी वन विकासको माध्यमबाट गरीवी न्युनिकरणतथा आयआर्जनमा सहयोग पुऱ्याउने ।

ज) उपभोक्ता समूहहरुलाई नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्षारोपण, विभिन्न प्रकारका तालिम, गोष्ठी, लगायतका विभिन्न आवश्यक प्राविधिक एवं कानूनी सल्लाह जस्ता सहयोग उपलव्ध गराउने ।

झ) वनविकाससंग सम्वन्धित सरोकारवाला व्यक्ति, निकाय, संघसंस्थासंग समन्वय र सहकार्य गरि वन क्षेत्रसंग सम्वन्धित अन्य काम कार्यवाहीहरु प्रचलित ऐन, नियम वमोजिम कार्यान्वयन गर्ने गराउने ।

## ३) डिभिजन वन कार्यालय, तनहूँमा रहने कर्मचारी संख्या र कार्य विवरण :

| सि.नं. | पद | दरवन्दी संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | १ | - | |
| २ | वन अधिकृत | ११ | - | |
| ३ | रेन्जर (अधिकृत छैटौं/सहायक पाँचौं) | १ | - | |
| ४ | लेखा (अधिकृत छैटौं/सहायक पाँचौं) | १ | - | |
| ५ | प्रशासन (अधिकृत छैटौं/सहायक पाँचौं) | १ | - | |
| ६ | प्रशासन (सहायक चौथो/ पाँचौं) | १ | १ | |
| ६ | फरेष्टर((सहायक चौथो/ पाँचौं) | २ | १ | |
| ७ | वन रक्षक | ३३ | १० | |
| ८ | हलुका सवारी चालक | १ | - | |
| ९ | स.व.र. हवल्दार | १ | १ | २ स.व.र. जमदार संघको पुल दरवन्दीमा कार्यरत |
| १० | स.व.र. जवान | ४ | ४ | ४ जना करारमा |
| ११ | कार्यालय सहयोगी | २ | २ | हाल करारमा २ जना |
| १२ | चौकीदार | १ | १ | हाल करारमा |
| | **जम्मा** | ६० | २० | |

## ४) डिभिजन वन कार्यालय, तनहूँवाट प्रदान गरिने सेवा :

### क) राष्ट्रिय वन विकास तथा व्यवस्थापन सम्वन्धी

- जिल्लाको वन क्षेत्र, वन पैदावार र वन्यजन्तु संरक्षण, नियमन ।
- वन अपराधको सूचना संकलन, वन तथा वन्यजन्तु सम्वन्धी मुद्दाको अनुसन्धान तहकिकात र मुद्दा दायरी ।
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ।
- वन्यजन्तुवाट हुने क्षतिको राहत वितरण/ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग तथा वन्यजन्तु उद्दार ।
- जडिवुटी/गैह्रकाष्ठ वन पैदावारको  राजश्व लिई संकलन ईजाजत र निकासी ईजाजत ।

### ख) सामुदायिक वन तथा कवुलियती वन विकास सम्वन्धी

- समूह गठन, विधान तथा वन कार्ययोजना तयारी तथा हस्तान्तरण र नवीकरण ।
- समूह निरिक्षण, अनुगमन तथा मूल्यांकन  र प्राविधिक सहयोग ।
- वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी संचालन, प्रविधी हस्तान्तरण ।
- स्वीकृत वन कार्ययोजना वमोजिम वन व्यवस्थापन र सदुपयोग कार्यमा प्राविधिक सहयोग ।
- समूहको  वैंक खाता संचालन सिफारिश ।
- विभिन्न आयमूलक कार्यक्रम संचालनमा सहयोग, व्यवस्थापन अनुदान ।

**ग) वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन विकास सम्वन्धी :**

- विरुवा उत्पादन, वितरण तथा उपभोक्ता समूहलाई विरुवा उत्पादन अनुदान सहयोग ।
- वृक्षारोपण, सो कार्यका लागि प्राविधिक सहयोग, अनुदान ।
- निजी वनका लागि प्रचार प्रसार, प्राविधिक सहयोग ।
- निजी वन तथा निजी आवादीका वन प्रदावार संकलन ईजाजत र निकासी ईजाजत ।

**घ) अन्य थप कार्यहरु :**

- स्थानीय घरकाज, साना विकास निर्माणका लागि काठको आपूर्ति ।
- धार्मिक वनको वन कार्ययोजना तयारी तथा हस्तान्तरण र नवीकरण ।
- वनसंग सरोकारवाला राख्ने विभिन्न संघसंस्था, जनतालाई आवश्यक प्राविधिक तथा कानुनी परामर्श सेवा प्रदान ।
- नेपाल सरकार, वन तथा वातारण मन्त्रालय, प्रदेश सरकार उद्योग, उद्योग, पर्यटन वन तथा वातवरण मन्त्रालय, वन निर्देशनालयवाट प्राप्त भएका निर्देशनहरुको पालना र कार्यान्वयन ।
- प्रचलित ऐन कानुनद्वारा निर्दिष्ट गरेका सम्वन्धित कार्यहरुको कार्यान्वयन ।

## ५) डिभिजन वन कार्यालय, तनहूँमा रहेको शाखा र जिम्मेवार अधिकारी :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | योजना तथा व्यवस्थापन शाखा | वन अधिकृतहरु काशीराज पण्डित, राजकुमार श्रेष्ठ र नविन विश्वकर्मा | |
| २ | कर्मचारी प्रशासन शाखा | अधिकृत छैटौं कृष्ण प्रसाद अर्याल | |
| ३ | आर्थिक प्रशासन शाखा | अधिकृत छैटौं (लेखा) विजय कुमार श्रेष्ठ | |
| ४ | ८ वटा सव डिसभजन वन कार्यालयहरु | सम्वन्धित सव डि.व.का. प्रमुख | |

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी :

| सि.नं | प्रदान गरिने सेवा | सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु | लाग्ने अवधी | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | काठको आपूर्ती व्यवस्था: स्थानीय घर काज र साना विकास निर्माणको लागि काठको ईजाजत | रु १० को टिकट सहितको निवेदन<br>ज.ध.प्र.पुर्जाको फोटोकपीतिरो/सम्पत्तीकर बुझाएको रसिद, नागरिकताको फोटोकपी<br>न.पा./गा.पा.को सिफारिस<br>घर निर्माणको नक्शा | १० दिन | आपूर्ति समितिले तोकेको दरमा |
| २ | समूह गठन,विधान तयारी र दर्ता कार्ययोजना तयारी, नविकरण र स्वीकृती(सामुदयिक वन, कवुलियती वन, धार्मिक वनको लागि ) | निवेदन साथ समूह भेलाको निर्णय प्रतिलिपी | ४ महिना | निशुल्क |
| ३ | समूहले गर्ने विरुवा उत्पादन, वृक्षारोपण, वन व्यवस्थापन लगायतका विभिन्न कार्यमा प्राविधिक सहयोग | निवेदन साथ समूह भेलाको निर्णय प्रतिलिपी | माग अनुसार | मार्गदर्शन र नर्म्स अनुसार |

| सि.नं | प्रदान गरिने सेवा | सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु | लाग्ने अवधी | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| ४ | वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी संचालन र सहयोग | सम्वन्धित पक्षको माग र आवश्यकता अनुसार | तोकिएको समय भित्र | मार्गदर्शन र नर्म्स अनुसार |
| ५ | काष्ठ, गैह्रकाष्ठ विरुवा वितरण | संरक्षण सुनिश्चित सहितको निवेदन | १ दिन | निशुल्क |
| ६ | समूह मार्फत गर्ने विरुवा उत्पादन, वितरण लगायतका कार्यहरुमा सम्झौता र सो को कँर्यान्वयनको सहजीकरण | समूहको निर्णय र निवेदन<br>विरुवा वितरण कार्य सकभर क्लष्टरमा वृक्षारोपण र सो को संरक्षणको सुनिश्चित हुने कागजातहरु | प्रत्येकमा १ /२ दिन | निशुल्क |
| ७ | कार्ययोजना अनुसार सामुदायिक वनको वन पैदावार उत्पादन र विक्रीमा सहयोग | निवेदन साथ समूह भेलाको निर्णय प्रतिलिपी र सा.व.को वन पैदावार विक्री वितरण निर्देशिका २०७१ वमोजिम | कार्तिक देखि वैशाखसम्म | निशुल्क |
| ८ | सा.व.उ.स./क.व. समूहको  वैंक खाता संचालन सिफारिश | समूह भेलाको निर्णय प्रतिलिपी सहितको निवेदन | प्रक्रिया पुगेकै दिन | |
| ९ | निजी वन तथा निजी आवादीका वन प्रदावार संकलन ईजाजत र निकासी ईजाजत | रुखको विवरण उल्लेखित निवेदन, जग्गाधनि प्र.पुर्जा, तिरो तिरेको रसिद, नागरिताको प्रमाणपत्रको प्रतिलिपी, र कि.नं. खुलेको ब्लू-प्रिन्ट नक्सा र कटान पश्चात काठ दाउराको लगत सहित सब डिभिजन वन कार्यालयको सिफारिश | प्रक्रिया पुगे पश्चात ३ दिन । | वन पैदावारको नियमानुसार मु.अ.कर |
| १० | जडिवुटी/गैह्रकाष्ठ वन पैदावारको संकलन ईजाजत र निकासी ईजाजत | वन पैदावारको विवरण उल्लेखित निवेदन, नागरिताको प्रमाणपत्रको प्रतिलिपी, र संकलन पश्चात काठको लगत सहित सब डिभिजन वन कार्यालयको सिफारिश | प्रक्रिया पुगेको ३ दिन भित्र | वन नियमावली वमोजिमको राजश्व |
| ११ | निजी, सामूदायिक, धार्मिक र कवुलियती वनको प्रमाणपत्रको प्रतिलिपी प्रदान | निवेदन साथ समूह भेलाको निर्णय प्रतिलिपी | १ दिन | रु २५/- |
| १२ | वनमा आधारित उद्योग स्थापना गर्ने स्थानको दूरी प्रमाणित र सिफारिस | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयको पत्र सहित जग्गाधनि प्रमाणपुर्जा, नागरिकता, मालपोत रसिद कि.नं. खुलेको  प्रमाणित नक्सा | १५ दिन | निशुल्क |
| १३ | स:मिलको चिरान जाँचवुझ, निकासी ईजाजत | निवेदन र सक्कल निकासी ईजाजत समेत | ३ दिन | निशुल्क |
| १४ | समूहले सम्झौता अनुसार गरेका कार्यको भुक्तानी | योजना तथा अनुगमन शाखाको सिफारिशमा  सक्कल बिल भरपाई निर्णय एवं प्राविधिक जाँचपास समेत | ३ दिन | निशुल्क |
| १५ | वन्य जन्तुवाट क्षतीको राहत (मानविय क्षती) | निवेदन (घटना घटेको ३५ दिन भित्रमा) घटना पछीको फोटो, सम्वन्धित सा.व. उ.स., वडा कार्यालयको सिफारिश, घटनास्थल सर्जमिन मुचुल्का, प्रहरीवाटमृत्तुदर्ताको प्रमाण पत्र (मृत्यु भएको हकमा), उपचार खर्चको विल र स्वास्थ्य संस्थाको सिफारिश, हकवालासंगको नाता प्रमाणित | १ महिना | निशुल्क |

| सि.नं | प्रदान गरिने सेवा | सेवाग्राहीले पेश गर्नुपर्ने कागजातहरु | लाग्ने अवधी | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १६ | वन्य जन्तुवाट क्षतीको राहत पशुधनको क्षती | निवेदन (घटना घटेको ३५ दिन भित्रमा) घटना पछीको फोटो, सम्वन्धित सा.व. उ.स.र पशु विकास शाखावाट मुल्य खुलेको सिफारिश,विमा नगरेको आधार सहितको वडा कार्यालयको सिफारिश, घटनास्थल सर्जमिन मुचुल्का | १ महिना | निशुल्क |
| १७ | वन अपराधको अनुसन्धान तहकिकात र मुद्दा दायरी | अपराध, अनियमित कार्यको प्राप्त जानकारी, उजुरी | यथाशिघ्र | निशुल्क |
| १८ | वन संरक्षण, वन्यजन्तु संरक्षण, नियमन(चोरी कटानी, चोरी शिकार, डढेलो नियन्त्रण) | स्वीकृत कार्यक्रममा आधारित माग र आवश्यकतानुसार | तत्काल | निशुल्क |
| १९ | प्राविधिक, कानुनी तथा परामर्श सेवा/ ऐन नियमको पैरवी, प्रचार प्रसार | संस्था समूहको माग निवेदन र आवश्यकतानुसार | आवश्यकता अनुसार | निशुल्क |
| २० | प्रचलित ऐन, नियम, निर्देशिकाले निर्दिष्ट गरेका कार्यहरु | आवश्यकता अनुसार | प्रक्रिया पुगे पश्चात यथाशिघ्र | निशुल्क |

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

**क) निर्णय गर्ने प्रक्रिया :** प्रचलित वन ऐन, नियम, निर्देशिका र परिपत्रहरु वमोजिम तथा सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानुन वमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :** डिभिजनल वन अधिकृत

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारी :** प्रचलित कानून वमोजिम ।

**९) सम्पादन गरेको कामको विवरण :**

**(१) गण्डकी प्रदेश सरकारवाट प्राप्त कार्यक्रम (ब.उ.शि.नं. ३०७०२०१२३ र ४)**

**अ) पुँजीगत खर्च अर्न्तगतका कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रमको नाम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | वन मापन तथा सर्वेक्षण सम्बन्धि सामाग्री खरिद | कार्यजारी | |
| २ | कार्यालय प्रयोजनार्थ कुर्सी, टेबुल, बुकसेल्फ, सोफासेट, कार्पेटिङ,पर्दा, भ्याकुम क्लिनर आदी खरीद | कार्यजारी | |
| ६ | **नर्सरी तथा वृक्षारोपण कार्यक्रम** | | |
| १ | विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काठ तथा वहुउद्देश्यीय प्रजाति) | १५,००० वटा कार्य सम्पन्न | भुक्तानी हुन बाँकी |
| १ | **सामुदायिक वन विकास कार्यक्रम** | | |
| १ | बागेश्वरी सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण, भानु ९ तनहुँ | कार्यादेश | |

| | | | |
|---|---|---|---|
| | | भएको | |
| ११ | **प्रचार प्रसार तथा संरक्षण शिक्षा ( क्षमता विकास)** | | |
| १ | डिभिजन वन कार्यालयहरुमा जडिबुटी तथा वन पैदावारको पहिचानका लागि स्याम्पल तयारी तथा Demonstration/Display | कार्यादेश भएको | |

**आ) चालु खर्च अर्न्तगतका कार्यक्रमहरु**

| क्र. सं. | कार्यक्रमको नाम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | **सामुदायिक वन विकास कार्यक्रम** | | |
| १ | २० हेक्टर भन्दा कम क्षेत्रफल र न्यून आम्दानी भएका सा.व.को संक्षिप्त कार्ययोजना तयारी | कार्यादेश भएको | |
| ११ | **प्रचार प्रसार तथा संरक्षण शिक्षा** | | |
| १ | संचार माध्यमवाट वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्वन्धी सूचना प्रशारण | आवश्यकतानुसार सम्पन्न | |
| २ | डिभिजन वन कार्यालयको ब्रोसार तयारी | कार्यादेश भएको | |
| ९ | **राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम** | | |
| १ | वन अपराध नियन्त्रणका लागि गस्ती परिचालन | आवश्यकतानुसार सम्पन्न | |
| २ | पुरानो काठ दाउराको पुन नापजाँच गरी रेकर्ड अद्यावधिक गर्ने कार्य | आवश्यकतानुसार सम्पन्न | |
| ३ | सव डिभिजन वन कार्यालयहरुको सुदृढिकरण तथा व्यवस्थापन | आवश्यकतानुसार सम्पन्न | |
| | **वन क्षेत्रका चुनौति व्यवस्थापन** | | |
| १ | अदालतबाट बकपत्रको लागि वोलावट हुँदाको लागि भत्ता | आवश्यकता अनुसार सम्पन्न | |

## अन्य थप जानकारीहरु

**अ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्वन्धी विवरण (आ.व. ०८१।०८२) :**

**क) मानवीय क्षति :**

| क्र सं | घटनाको मिति | वन्यजन्तु | स्थान | क्षतिको अवस्था | मानिसको नाम | घटनाको संक्षिप्त विवरण | प्राप्त राहत रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ०८१/०१/१४ | चितुवाको आक्रमण | म्याग्दे गा.पा.- २, | मानिस घाईते | मान बहादुर गर्जा मगर, | दिउसो ३:०० बजेको समयमा आफ्नै वारीमा घाँस काट्दै गरेको अवस्थामा आक्रमण गरि घाईते वनाएको । | प्रकृयामा रहेको |
| २ | ०८१/०४/०३ | चितुवाको आक्रमण | बन्दिपुर गा.पा. ५ | मानिसको मृत्यू | सुन्दर कुमाल, वर्ष ११ | राति ९:२५ बजेको समयमा आफ्नै गोठमा गएको अवस्थामा आक्रमण गरि मारेको । | प्रकृयामा रहेको |
| ३ | ०८१/०४/१९ | भालुको आक्रमण | भानु १२ | मानिस घाईत | कल्पना गिरी | दिउसो १:४५ बजेको समयमा आफ्नै खेतमा पानी लगाउन गएको अवस्थामा आक्रमण गरि घाईते वनाएको । | प्रकृयामा रहेको |

**ख) पशुधनको क्षति :**

| क्रसं | क्षति ( चितुवा ) | संख्या | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वाख्रा | ७ गोटा | ०/- | राहत रकम आउन वाँकी रहेको |
| २ | भैंसी, पाडा पाडी | ० गोटा | | |
| ३ | गाई, गोरु | १ गोटा | | |
| ४ | सुगुर, वंगुर | ० गोटा | | |
| ५ | कुखुरा | ० गोटा | | |
| | **जम्मा** | **८ गोटा** | ०/- | |

**ग) कृषिवालीको क्षति :**

| क्रसं | क्षति | संख्या | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मकै ( बाँदर) | १ | ०/- | राहत रकम आउन वाँकी रहेको |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | जम्मा | १ | | |
| | | | ०/- | |

**घ) वन्यजन्तु उद्दार :**

| क्रसं | वन्यजन्तुको नाम | संख्या | अवश्था | स्थान | उद्दारमा संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **स्तनधारी** | | | | | |
| | चितुवा | | | | | |
| | मृग | | | | | |
| | अन्य | | | | | |
| २ | **सरिसृप** | | | | | |
| | अजिगंर | ४ | जिउदो | विभिन्न स्थान | डिभिजन वन कार्यालय, प्रहरी कार्यालय र स्थानिय जनता | प्राकृतिक वासास्थानमा छोडिएको । |
| | सर्प | | | | | |
| ३ | **पंक्षी** | | | | | |
| | | | | | | |
| | | | | | | |

## आ) वन पैदावार विक्री वितरण (आ.व. ०८१।०८२ )

### क) सामुदायिक वन

| क्र.सं. | जात | ईकाई | परिमाण | समूहमा आम्दानी | प्राप्त मु.अ.कर | राजश्व | प्रदेश सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | क्यू.फिट | ५५६७.३८ | १६१५१५२८/- | ३०९८२९५/- | १२०४९८६/- | ३४५३४५/- | |
| २ | खयर | ,, | १०४०५.९६ | | | | | |
| ३ | अन्य | ,, | ५२.९६ | | | | | |
| | **जम्मा** | | **१६०२६.३** | | | | | |
| ४ | दाउरा | चट्टा | ० | | | | | |
| | **कूल जम्मा** | | ० | **१६१५१५२८/-** | **३०९८२९५/-** | **१२०४९८६/-** | ३४५३४५/- | |

### ख) निजी आवादी

| क्र.सं. | जात | ईकाई | परिमाण | प्राप्त मु.अ.कर | राजश्व | प्रदेश सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | क्यू.फिट | ४२३९.० | ७५७९७५/- | ०/- | ११४०५/- | |
| २ | अन्य | ,, | ० | | | | |
| | **जम्मा** | | **४२३९.००** | **७५७९७५/-** | | | |
| ३ | दाउरा | चट्टा | ० | ० | | | |
| ४ | तेजपात | के.जी | ० | ० | | | |
| ५ | तेजपात ( बोका) | के.जी. | ० | ० | | | |

### ग) राष्ट्रिय वन/सरकारी कार्यालय/वेवारिसे लिलाम विक्री

| क्र.सं. | जात | ईकाई | परिमाण | प्राप्त मु.अ.कर | राजश्व | प्रदेश सेवा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | साल | क्यू.फिट | ६७५.४९ | १२४४५०/- | ७६४५००/- | १५३००/- | |
| २ | अन्य | ,, | ८६.१४ | | | | |
| | **जम्मा** | | **७६१.६३** | **१२४४५०/-** | | | |
| ३ | दाउरा | चट्टा | २.०० | ० | | | |

**ई) मुद्धाको विवरण (आ.व. ०८१।०८२ )**

| क्र.सं. | मुद्धाको प्रकृति | कार्यालयमा दर्ता मुद्धा संख्या | तनहुँ जिल्ला अदालतमा दर्ता मुद्धा संख्या | जम्मा दर्ता मुद्धा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | आखेटोपहार सम्वन्धी | ० | ० | ० | |
| २ | विना ईजाजत वन पैदावार (काठ) कटान/ओसारपसार सम्वन्धी | ० | १ | १ | |
| ३ | वन्यजन्तु सम्वन्धी | ० | ० | ० | |

## १०) प्रमुखको नाम र पद र सूचना अधिकारी नाम र पद :

**क) कार्यालय प्रमुख :**

नाम : अशोक कुमार श्रेष्ठ

पद : डिभिजनल वन अधिकृत

**ख) सूचना अधिकारी :**

नाम : राजकुमार श्रेष्ठ

पद : वन अधिकृत

## ११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- वन ऐन, २०७६
- गण्डकी प्रदेश वन ऐन, २०८०
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष ऐन, २०२९
- वातावरण संरक्षण ऐन, २०७६
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन,२०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४
- मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४
- वर, पिपल, समी र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न वनेको ऐन २०७५
- आर्थिक ऐन, २०७७
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५१
- गण्डकी प्रदेश निजामती सेवा ऐन तथा नियमावली २०७९
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली ,२०७६
- मुलुकी फौजदारी कार्यविधी नियमावली, २०७५
- वन नियमावली, २०७९
- गण्डकी प्रदेश वन नियमावली, २०८१
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष नियमावली, २०३०
- वातावरण संरक्षण नियमावली, २०७७
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५

- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- सामुदायिक वनको निर्देशिका, २०५२
- वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३
- सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वनक्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधी, २०७६
- जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधी), निर्देशिका २०७३
- जिल्ला वन क्षेत्र समन्वय समितिको गठन तथा संचालन निर्देशिका, २०६८
- वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका (दोश्रो संशोधन) २०७४
- सुराकी खर्च परिचालन कार्यविधी, २०७२
- ढुंगा, गिटी, वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५
- व्यवसायिक प्रयोजनका लागि कवुलियती वन उपलव्ध गराउने कार्यविधी, २०६८
- वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८
- वन डढेलो व्यवस्थापन रणनीति, २०६७
- सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१
- सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधी २०७५
- सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१
- सामुदायिक वन आर्थिक कार्यविधी निर्देशिका २०७३
- राष्ट्रिय वृक्षारोपण कार्यक्रम संचालन कार्यविधी, २०७६
- स्थानीय तहसंगको साझेदारमिा शहरी वन विकास कार्यक्रम संचालन कार्यविधी, २०७७
- राष्ट्रिय वन नीति, २०७५
- राष्ट्रिय कृषि वन नीति, २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय वातावरण नीति, २०७६
- सिमसार नीति, २०६९
- सरकारी रुखहरु हटाउने सम्वन्धी मापदण्ड, २०७१
- खर्चको मापदण्ड, २०७५
- वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशको वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१
- प्रदेशहरुवाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यविधी, २०८१
- गैह्रकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९
- वन तथा जलाधार व्यवस्थापन नीति, २०७५
- तनहूँ जिल्लाको जिल्ला दररेट २०८१।०८२
- कार्यालयको कार्य संचालनका क्रममा अन्य सम्वन्धित ऐन, नियम, कार्यविधी, निर्देशिका र तालुक निकायहरुवाट प्राप्त निर्देशन तथा परिपत्रहरु ।

## १२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण :

| सि.नं. | व.उ.शि.नं./ शिर्षक | वार्षिक वजेट (रु हजारमा ) | २०८१ आश्विन सम्मको खर्च रकम ( रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ३०७०२०१२३ (डिभिजन वन कार्यालयहरु) | ४५०००.०० | ६७०९.६७ | |
| २ | ३०७०२०१२४ (डिभिजन वन कार्यालयहरु) | ४२४०.०० | ० | |
| | **जम्मा** | **४९२४०.००** | **६७०९.६७** | |

**राजश्व आम्दानी :**

| सि.नं. | शिर्षक | २०८१ आश्विन सम्मको आम्दानी रकम रु | कैफियत |
|---|---|---|---|
| १ | १४२१२ (सरकारी सम्पत्तिको विक्रीवाट प्राप्त रकम) | ७६४५००.०० | |
| २ | १४२२९(अन्य प्रशासनिक सेवा शुल्क ) | ५,५००.०० | |
| ३ | १४२६४ (वन क्षेत्रको अन्य आय) | ४०६११५.०० | |
| ४ | १४३११ (न्यायिकदण्ड, जयिरवाना र जफत) | ०.० | |
| ५ | १४३१२ (प्रशासनिकदण्ड , जरिवाना र जफत) | ०.० | |
| ६ | ३३३६१ (वन क्षेत्रको रोयल्टी) | ०.० | |
| ७ | ३३३९१ (अन्य बाँडफाँड हुने राजश्व संकलन) | १२०४९८६.०० | |
| | **जम्मा** | **२३८११०१.००** | |

## १३) सूचनाको हक अर्न्तगत सूचनाको हक माग्ने र पाउनेको विवरण :

२०८१ श्रावण १ देखि २०८१ आश्विन मसान्त सम्म लिखित रुपमा कुनै सुचना माग नभएको र मौखिक रुपमा माग भै आएका सूचना तत्कालै उपलब्ध गराईएको ।